# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७।१।३०**

अजयमेरु ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरण, डडेल्धुरा अन्तगरगत सञ्चालित तपसीलका खानेपानी तथा सरसफाइ योजनाहरुको लागि परियोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी तथा सरसफाई योजना निर्माणमा प्रयोग हुने आवश्यक निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्सहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलगन परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्सहरु सप्लाइ सम्वन्धी दरभाउपत्र फारम प्रति समुह/प्रति फारम रु ३,००० अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) तिरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलगन राखी यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको दिउसो १२.०० वजे भित्र सम्वन्धित गाउंपालिकाको कार्यालय वा ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना, परियोजना सम्पर्क कार्यालय, धनगढी वाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको १६औं (सोह्रौं) दिनको दिउसो १२.०० वजे भित्र माथि उल्लेखित सम्वन्धित गाउंपालिकाको कार्यालयमा वा ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना, परियोजना सम्पर्क कार्यालय, चटकपुर धनगढीमा दर्ता गराउनु पर्नेछ, साथै दरभाउ पत्र खरिद गरेको सक्कलै रसिद वा सम्वन्धित गाउंपालिकाको संचीत कोष खातामा रकम जम्मा गरेको सक्कलै भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी गाउंपालिकाको नाम, उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्स् सप्लाई सम्वन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सिलवन्धी दरभाउ पत्र पेशगर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले योजना नजीकको ट्रक जाने स्थान वा योजनास्थल सम्म ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछ । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिले १ हप्ता भित्रे दिउसो दिनको १२:०० बजे भित्र सम्वन्धित गाउंपालिकाको कार्यालयमा, उ.स.खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ

११. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना सम्वन्धित नगरपालिका तथा गाउंपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. सिलवन्दी दरभाउ पत्र खरिद गर्दा, भर्दा र पेश गर्दा अलग अलग समुहको लागि अलग अलग खरिद गरि भरि पेश गर्नुपर्नेछ ।

१३. एच.डि.पि.ई. पाईपको हकमा नेपाल गुणस्तर ४० को चौथो संसोधन अनुरुप उत्पादन भएको ( पि.इ.१०० को कच्चा पदार्थ प्रयोग भएको ) हुनुपर्ने छ र आवश्यक परेमा प्रमाणित ल्यावटेष्ट कागजात समेत उपलब्ध गराउनु पर्नेछ ।

१४. अन्य थप जानकारी चाहिएमा सम्बन्धित गाउंपालिकाको कार्यालय वा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना डडल्धुराको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

तपसील:

समुह : क

| | |
|---|---|
| नगरपालिकाको नाम | अजयमेरु गाउंपालिका, भद्रपुर डडेल्धुरा |
| बैंकको नाम : | ग्लोवल आई.एम.ई, शाखा कार्यालय, भद्रपुर, डडेल्धुरा |
| अजयमेरु गाउंपालिका संचीत कोष खाता नं. ग ४.१ | E ९०४०१००००००१ |
| सामग्री ढुवानी गर्नुपर्ने रोडहेड स्थानःडडेल्धुरा सदरमुकाम बाट १० कि.मि पुईलेक वजार सम्म | |
| योजनाको नाम : | |
| १. | वाल कल्याण मा.वि वहुद्धेशिय योजना, अजयमेरु गाउंपालिका वडा नं. १, डडेल्धुरा |

उ.स. संयुक्त खरिद व्यवस्थापन
समिति